नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

## प्रशासन पत्रिका (जर्नल) १३८औं अङ्कको लागि लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना !

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नियमित रूपमा प्रकाशन हुने **प्रशासन पत्रिका** (जर्नल) को १३८औं अङ्कका लागि देहायमा उल्लेखित विषयक्षेत्र तथा ढाँचामा ३ हजारदेखि ५ हजार शब्दसम्मको **विचारमूलक तथा अनुसन्धानमूलक/तथ्यमूलक** लेख/रचनाहरू २०८० साल **असोज मसान्तभित्र** यस मन्त्रालयको प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखामा वा सोको विद्युतीय प्रति **prashasan.journal@mofaga.gov.np** मा उपलब्ध गराइदिनुहुन इच्छुक सबैमा अनुरोध गरिन्छ।

१. विषयक्षेत्रहरू

- सार्वजनिक प्रशासन तथा सार्वजनिक व्यवस्थापन,
- सार्वजनिक नीति तथा विकास नीति,
- विकास प्रशासन तथा व्यवस्थापन,
- आर्थिक तथा सामाजिक विकास,
- शासन प्रणाली,
- शासकीय सुधार,
- सुशासन,
- सार्वजनिक सेवा प्रवाह,
- सार्वजनिक प्रशासनमा सदाचार, शिष्टाचार र सकारात्मक सोच,
- समसामयिक अन्य विषयहरु।

२. लेख/रचनाको ढाँचा

(क) विचारमूलक लेख/रचनाको ढाँचा

- शीर्षक (Heading),
- लेखसार (Abstract) (१५० शब्दसम्म),
- शब्दकुञ्जी (Keywords)(५ शब्दसम्म),
- पृष्ठभूमि (Background),
- विश्लेषणात्मक प्रस्तुति (Analysis),
- निष्कर्ष (Conclusion),
- सन्दर्भ सामग्री (References)।

२०८०।४।२६
खगबहादुर थापा
शा.अ.

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

(ख) अनुसन्धानमूलक/तथ्यमूलक लेख/रचनाको ढाँचा

- शीर्षक (Heading),
- लेखसार (Abstract) (१५० शब्दसम्म),
- मुख्य शब्दावली (Keywords) (५ शब्दसम्म),
- पृष्ठभूमि (Background),
- अध्ययनको उद्देश्य (Objective of the Study),
- सम्बन्धित साहित्यको पुनरावलोकन (Literature Review),
- अध्ययन विधि (Methodology),
- तथ्याङ्क प्रस्तुती र विश्लेषण (Data Presentation and Analysis),
- प्राप्ति र विश्लेषण (Result and Discussion),
- निष्कर्ष (Conclusion),
- कृतज्ञता (Acknowledgment),
- सन्दर्भ सामग्री (References)।

३. अन्य विषयहरू

- लेखकको सङ्क्षिप्त परिचय, इमेल र मोबाइल नम्बर उपलब्ध गराउनु पर्नेछ।
- जर्नलमा प्रकाशनका लागि पठाइने लेख रचनामा सन्दर्भ सामग्रीका रूपमा उल्लेख गरिएका कृतिको तत्काल प्रचलित एपीए ढाँचा (APA 7th Edition) मा उल्लेख गर्नुपर्नेछ।
- लेख/रचना नेपाली भाषामा भए कालीमाटी फन्ट (१२) तथा अङ्ग्रेजी भाषामा भए Times New Roman फन्ट (१०) मा हुनुपर्नेछ तथा पृष्ठको सबैतर्फ १ इन्च मार्जिन छोडेको हुनुपर्नेछ।
- नेपाली भाषाका लेख रचनाका लेखकले लेख शीर्षक (Heading) तथा शब्दकुञ्जी (Keywords) अङ्ग्रेजी भाषामा समेत अनुवाद गरी पठाउनुपर्नेछ।
- भाषिक तथा व्याकरणीय शुद्धता कायम गर्नुपर्नेछ।
- अंग्रेजी भाषामा लेखिएका लेखहरुमा अमेरिकन वा ब्रिटिश (American or British) मध्ये कुनै एक शैली अपनाउनुपर्नेछ।
- लेख/रचनामा प्रस्तुत गरिएका चित्र, टेवल, तालिका आदि सम्पादन (Edit) गर्न सकिने हुनुपर्नेछ।
- लेखक तथा सहलेखकको नाम, ठेगाना, मोबाइल नम्बर, इमेल र आबद्ध संस्था भएमा सोको नाम र पद खुलाउनुपर्नेछ।
- कुनै संस्था वा व्यक्तिको कुनै प्रकारको सहयोग (आर्थिक, प्राविधिक वा अन्य) बाट अनुसन्धान कार्य गरेको भए सहयोगकर्ता वा दातालाई लेखको अन्त्यमा कृतज्ञता ज्ञापन गरेको हुनुपर्नेछ।

२०८०/१२/२८
गंगाबहादुर थापा
शा. अ.